परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : २ अंक : १४९ पृष्ठ ४ २०८० कार्तीक २२ गते, बुधबार 8 Nov., 2023 मूल्य रु. ५/-



समाचार पृष्ठ ३ मा

**मधेशलाई साक्षर बनाउन सबै सरकार गम्भीर हुन आवश्यक : शिक्षामन्त्री यादव**

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

# मधेश प्रदेशकै पहिलो पालिका जस्ले भूकम्प पीडितका लागि १२ लाख रुपैया सहयोग गरे

• टक नेपाल



बर्दिवास। जाजरकोट भूकम्पका कारण भएको मानवीय र भौतिक क्षतिपछि त्यस क्षेत्रका लागि सहयोग जुट्न सुरु भएको छ । भूकम्प पीडितको सहयोगका लागि बर्दिवास नगरपालिकाले १२ लाख सहयोग रकम दिने घोषणा गरेको हो। बर्दिवास नगर पालिकाले आईतवार एक प्रेस विज्ञायप्ती जारी गदै बर्दिवास नगरपालिका क्षेत्र भित्र कार्य क्षेत्र भएका सरकारी तथा गैर सरकारी संघ संस्थारु उधोग वाणिज्य संघ, नेपाल रेड क्रस सोसाईटी राजनितिक दल लगायत सम्पूर्ण सहयोगी परोपकारी संघ संस्था, क्लव र व्यक्तिहरुमा छलफलका लागि आग्रह गरेका थिए । सोही अनुसार सोमबार नगर पालिकामा बसेको बैठकले भूकम्पका कारण जाजरकोट र रुकुम पशिचाम जिल्लाका ४ वटा स्थानिय प्रभावित भएको हुदाँ ति स्थानिय तहहरुलाई ३ लाख गरि १२ लाख रकम दिने निर्णय गरेको बर्दिवास नगर पाकिाका नगर प्रवक्त विजय कुमार महतोले जानकारी गराउनुभएको हो । यी जिल्लामा गएको भूकम्पको विपत्मा परी धनजनको क्षतिको विषयमा र सरकारले सञ्चालन गरेको उद्धार र राहतको बारेमा बर्दिवास नगरपासलकाले अग्रसर भुमिकामा रही सहयोग गर्ने प्रवक्त महतोले जानकारी गराएका छन।

# गौशालामा बोक्सी आरोपमा कुटिएकी सुन्दरकलाको गर्भ तुहियो

• रञ्जन भण्डारी

गौशाला । बोक्सी आरोपमा कुटपिटबाट घाइते भएकी गौशाला नगरपालिका- ११ लक्ष्मीनियाकी २५ वर्षीया सुन्दर कला देवीको चार महिनाको गर्भ तुहिएको छ। १४ कात्तिकमा छिमेकीले बोक्सी आरोपमा सुन्दरकलासँगै उनकी सासू इतरिया देवी र परिवारका अन्य सदस्यलाई कुटपिट गरेका थिए। कुटपिट आरोप लागेका चारमध्ये दुईजना पक्राउ परिसकेका छन् । कुटपिटबाट गर्भमा समेत चोटपटक लागेकोमा पाठेघरबाट पानी बग्न थालेपछि जनकपुर अस्पतालमा जाँच गराउँदा उनको गर्भ तुहिएको पाइएको हो । त्यसअघि उनको गौशालास्थित प्राथमिक उपचार केन्द्रमा उपचार भएको थियो । रक्तश्राव नरोकिएपछि उनलाई थप उपचारका लागि १९ कात्तिकमा जनकपुर लगिएकामा चिकित्सकले गर्भ तुहिएको बताएको उनका श्रीमान् देवेन्द्र महराले बताए । उनले भने, 'गौशालामा श्रीमतीको अल्ट्रासाउन्ड जाँच गराउँदा चिकित्सकले औषधि दिएका थिए। तर, रक्तश्राव नरोकिएपछि जनकपुर लगेका थियौँ, गर्भको बच्चा बचाउन सकिएन । अहिले श्रीमतीलाई घर लिएर आएको छु ।' सात वर्षअघि विवाह गरेका देवेन्द्रका चार र दुई वर्षका दुई छोरी छन् । महराको परिवारमाथि २७ असो जमा बोक्सी आरोपमा कुटपिट भएको थियो। दसैँको बिदाका कारण १७ कात्तिकमा छलफल डाकिएकोमा त्यसअघि नै १४ कात्तिकमा सन्तोष यादव, विनोद पासमान, चन्द्रशेखर यादव र केवल महतोलगायतले कुटपिट गरेका थिए । सन्तोष र विनोदलाई पक्राउ गरेर अनुसन्धान अगाडि बढाइएको र फरार दुईजनाको खोजी भइरहेको इलाका प्रहरी कार्यालय गौशालाका इन्चार्ज मनोज यादवले बताए ।

# भंगहादेखि बर्दिबास रेलमार्ग निर्माण काम सुरु हुँदै

• टक नेपाल



जनकपुरधाम। भारत सरकारको सहयोगमा निर्माण भइरहेको जयनगर-बर्दिबास रेलमार्गको तेस्रो चरणको काम सुरु हुने भएको छ । रेल विभागले सूचना जारी गर्दै महोत्तरीको भंगहादेखि बर्दिबाससम्म बाँकी रहेको रेलमार्ग निर्माण हुन लागेको जनाएको छ । त्यसका लागि रेलमार्गमा पर्ने जग्गामा लगाइएको बालीनाली मंसिर १५ गतेभित्र भित्र्याउन विभागले आग्रह गरेको छ । विभागले भंगहा (विजलपुरा)-बर्दिबास रेलमार्ग उप-खण्ड एवं पूर्व-पश्चिम विद्युतीय रेलमार्ग खण्डमा अधिग्रहण गरिएको जग्गाको मुआब्जा वितरणको काम अन्तिम चरणमा रहेको र सो खण्डमा रेल मार्गको निर्माण कार्य सुरु हुन लागेकाले अधिग्रहण गरिएको जग्गामा लगाइएको बालीनाली भित्र्याउन आग्रह गरेको हो । विभागले मंसिर १५ गते पछि पनि बालीनाली लगाएमा त्यसको क्षतिपूर्ति नदिनेसमेत जनाएको छ । भारतको जयनगरदेखि महोत्तरीको बर्दिबासम्म रेल सञ्चालन गर्न तीन चरणमा काम भइरहेको छ । पहिलो चरणमा जयनगरदेखि कुर्थासम्म, दोस्रो चरणमा कुर्थादेखि भंगहासम्म निर्माण पूरा भई रेल सञ्चालनमा आइसकेको छ भने तेस्रो चरणमा भंगहादेखि बर्दिबाससम्म निर्माण हुन लागेको छ ।

आजको PDF अनलाईन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।



परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# भूकम्प पीडितलाई ख्याल गर

जाजरकोट र रुकुम पश्चिममा गएको विनाशकारी भूकम्पमा परी हजारौं व्यक्तिहरु विस्थापित हुन पुगेका छन् । १ सय ५७ जनाको मृत्यु भएको छ भने केही घाइतेहरु गम्भीर अवस्थामा छन् । हेर्दाहेर्दै घर खण्डहरमा परिणत भएको र कैयौं आफन्त र छरछिमेकका सदस्यहरु घरमा पुरिएर मृत्युवरण गर्न बाध्य भएको दृश्य पीडितहरुले देख्नुपर्‍यो । त्यस्तो दृश्य उनीहरुको लागि पक्कै पनि कहालीलाग्दो थियो । भागेर बाँचेकाहरुले घरबास सबै गुमाएका छन् र अहिले हजारौं स्थानीयहरु खुला आकाशमुनि रात बिताउन विवश भइरहेका छन् । विस्थापितलाई राहत र पुनर्स्थापना अहिलेको अहम् आवश्यकता हो । मृत्यु भएकाहरुको परिवार शोकमा छन् भने घर भत्किएर विस्थापित भएकाहरु पनि कहाँ बस्ने, के खाने र के लगाउने भन्ने समस्याले आक्रान्त छन् । त्यसैले यतिखेर त्यहाँका बासिन्दाका लागि सहानुभूति हो इन, तत्काल राहत र पुर्नस्थापनाको खाँचो छ । प्रकृतिबाट वज्रपात भोगेका पीडितहरुलाई सरकारले नै छिटोभन्दा छिटो व्यवस्थापन गर्नुपर्छ । पीडितहरुलाई झन् पीडित हुने अवस्था कुनै हालतमा पनि आउन दिनुहुँदैन । अहिले भूकम्प पीडितलाई ठूलो सहारा र आधारको खाँचो छ । त्यो आधार र सहारा भनेकै सरकारी स्तरबाट दिनुपर्ने उचित राहत र गर्नुपर्ने पुनर्स्थापनाको विषय हो । सरकारी स्तरबाट खोज र उद्धारमा प्रभावकारी भूमिका निर्वाह भएको भए पनि राहत र पुनर्स्थापनामा जुन तदारुकता देखाउनुपर्थ्यो त्यो देखिन सकेको छैन ।

टक नेपाल
राष्ट्रिय दैनिक
"परिवर्तनको एक नयाँ आवाज"
हरेक नेभेषका घटनाहरुको सुक्ष्म अध्यन गरेर सत्यतथ्य सचाचार पस्किन हाम्रो टिम हरपल कटिबद्ध छ।

# एसियाकै महँगा अभिनेता बने रजनीकान्त !



• टक नेपाल

एजेन्सी । दक्षिण भारतीय अभिनेता रजनीकान्त भारतमा मात्र नभइ नेपालमा समेत लोकप्रिय छन् । उनको फिल्म 'रोबट' ले पनि उनी दर्शकको मन जित्न सफल भएका छन् । भारतको सुपरस्टारको रूपमा परिचित रजनीको यस वर्ष फिल्म 'जेलर' प्रदर्शन भएको थियो। यस फिल्मले भारतीय बक्स अफिसमा राम्रो कमाइ गरेको छ । २२५ करोड भारू लगानीमा बनेको फिल्मले ६०५ करोड भारू कमाएको थियो । रजनीकान्त र तमन्नाले नृत्य गरेको गीतले पनि 'जेलर' फिल्मको चर्चा धेरै भएको थियो । सुपरस्टार रजनीकान्त भारतका महँगा अभिनेतामा पर्छन् । उनको पारिश्रमिक फेरि बढ्ने भएको छ । भारतीय संचारमाध्यमका अनुसार रजनीकान्तले लोकेश कनगराजको फिल्म 'थलाइवर १७१' का लागि २६० देखि २८० करोड भारू पारिश्रमिक लिने भएका छन् । तर निर्माण टिमले आधिकारिक जानकारी दिएका छैनन् । यदि यो सत्य भए र जनीकान्तले इतिहास रच्नेछन् । उनी एसियाकै सर्वाधिक महँगो पारिश्रमिक लिने अभिनेता बन्नेछन् । यसअघि पनि उनी एसियाकै महँगा अभिनेता बनिसकेका छन् । चिनियाँ अभिनेता ज्याकी च्यानलाई पछि पार्दै उनी एसियाकै महँगा अभिनेता बनेका थिए । 'थलाइवर १७१' एकदम ठूलो बजेटमा बन्दैछ । यसलाई सन पिक्चर्सले निर्माण गर्दैछ । 'जेलर' फिल्मको निर्माण पनि सन पिक्चर्सले नै गरेको थियो । नेल्सन दिलीपकुमारले निर्देशन गरेको फिल्म 'जेलर' मा रजनीकान्तसँगै तमन्ना भाटिया, मोहनलाल, शिव राजकुमार, ज्याकी श्राफ, राम्या कृष्णन, सुनिल, विनायकन, बसन्थ रवि, योग बाबुललगायत कलाकारको अभिनय छ ।

# टी-२० महिला सिरिजका लागि पुजा महतो सहित २२ जना खेलाडी छनोट




• टक नेपाल

काठमाडौं । नेपाल क्रिकेट सङ्घ (क्यान) ले हङकङमा हुने चार देश सम्मिलित महिला टी ट्वान्टी सिरिजका लागि मंगलबार २२ सदस्यीय नेपाली महिला टोलीको घोषणा गरेको छ । यही कात्तिक २९ देखि मङ्सिर ३ गतेसम्म हङकङमा आयोजना हुने उक्त प्रतियोगितामा आयोजक हङकङसहित नेपाल, संयुक्त अरब इमिरेट्स (युएई) र मलेसिया छन् । छनोट हुने नेपाली टोलीमा रुविना क्षेत्री, पूजा महतो, सीता रानामगर, इन्दु बर्मा, विन्दु रावल, सङ्गीता राई, ज्योति पाण्डे र रोमा थापा छन् । त्यसैगरी, ईश्वरी विष्ट, सम्झना खड्का, रुवि पोदार, सबनम राई, कविता जोशी, अश्मिना कर्माचार्य, खुसी डङ्गोल, कृतिका मरासिनी, कञ्चन श्रेष्ठ, सोनी पाखिन, सोमु विष्ट, अप्सरी बेगम, काजोल श्रेष्ठ र मनिषा चौधरी छन् । पुजा महतो गौशाला नगरपालिका वडा नं. ९ की बासिन्दा हुन् ।

# धनुषाका एसपी विश्वराज खड्का......

आरतीका माइती पक्षलाई भने उक्त घटना आत्महत्या नभएर हत्या नै भएको शंका भयो । त्यसपछि उनीहरूले प्रहरीमा आरतीका ससुरा र श्रीमानविरुद्ध कर्तव्य ज्यानको जाहेरी दिन खोजे । सुरुमा धनुषा प्रहरीले आर तीको माइतीपक्षबाट आएको जाहेरी दर्ता गर्न मानेन । घटना हेर्दा आत्महत्याजस्तो देखिएकाले बरु आत्महत्या दुरुत्साहनमा मुद्दा दर्ता गर्न सकिने प्रहरीको भनाइ थियो ।

सिटी केयर हस्पिटल
HEALTHCARE & DIAGNOSTIC CENTRE PVT. LTD.
सिन्धुली रोड, बर्दिबास (राष्ट्रिय वाणिज्य बैंकको उत्तर पट्टिको हरियो भवनमा)






हाम्रो सेवाहरू
NICU & ICU सेवा सहित
– २४ सै घण्टा इमरजेन्सी सेवा
– दैनिक ओपिडि सेवा (जेनरल मिडिसिन, स्त्रीरोग, बालरोग, जेनरल सर्जरी, छालारोग र थाईरेड)
– भिडियो एक्स-रे, डिजिटल एक्स-रे सेवा
– ल्याब सेवा
– अन्तरंग विभाग सेवा
होल बडी चेकअपमा २५% छुट
☎ 044-550527/9801050527/9801150527

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय ५५००५५ | | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम ५२०२११ | |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| जलेश्वर अस्पताल | ५२००७० | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०५०, ५२६०५१ |
| बर्दिवास आँखा अस्पताल ५५०४७७ | | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | ईलाका प्रहरी कार्यालय गौशाला | ९८५४०९००५० |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | रेडियो गौशाला ९३.६ मेगाहर्ज | ९८२४८७२९६० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | अवसर प्राप्त हुनुका साथै भाग्यले साथ दिनेछ। | तुला | प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। |
| बृष | परिस्थिति आफ्ना लागि अलि प्रतिकूल रहनेछ। | वृश्चिक | मिहिनेत परे पनि काम सम्पादन गर्न समय लाग्नेछ। |
| मिथुन | परिस्थितिवश चिताएको काम रोकिन सक्छ। | धनु | तारिफयोग्य कामको चर्चा हुनेछ। |
| कर्कट | बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ भने सानो प्रयत्नले ठूलो काम बन्नेछ। | मकर | अस्वस्थताले कमजोरीको अनुभूति हुनेछ। |
| सिंह | नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्। | कुम्भ | मनोरञ्जनमा अलमलिँदा काममा पछि परिनेछ। |
| कन्या | आफ्नै बेहोसीले नोक्सान पुर्‍याउन सक्छ। | मीन | अवसरले पछ्याए पनि परिस्थितिवश पछि परिएला। |

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।

# मधेशलाई साक्षर बनाउन सबै सरकार गम्भीर हुन आवश्यक : शिक्षामन्त्री यादव



टक नेपाल

जनकपुरधाम । सरोकारवालाहरूले मधेश प्रदेशको शैक्षिक अवस्थाप्रति चिन्ता व्यक्त गर्दै साक्षर प्रदेश बनाउने प्रतिबद्धता जनाएका छन् । सोमबार मधेश प्रदेशको शैक्षिक अवस्था, चुनौती तथा आगामी कार्यदिशा सम्बन्धी संघ, प्रदेश, स्थानीय तह र सरोकारवालाहरूबीच वृहत् शिक्षा सम्मेलनमा सहभागी सरोकारवालाहरूले यस्तो प्रतिबद्धता जनाएका हुन् । कार्यक्रममा सहभागी स्थानीय तह र प्रदेश सरकारका प्रतिनिधिसहित सरोकारवाला निकायका प्रतिनिधिहरूले चालु आर्थिक वर्षभित्रै प्रदेशका सबै पालिकालाई घोषणा गर्नुपर्नेसहितका सार्वजनिक गरिएको १० बुँदे प्रतिबद्धता पत्रमा हस्ताक्षर गर्दै सहमति जनाए । चालु आर्थिक वर्षमा स्थानीय तहहरूको शिक्षा नीति तथा कानुनी प्रबन्धका आधारमा आवधिक शिक्षा योजना तर्जुमा गरी लागू गर्ने, प्रदेशले तय गरेका मानकका आधारमा विद्यार्थीहरूको सिकाइ उपलब्धिमा वृद्धि गर्दै जाने, दुई वर्षभित्र विद्यालय उमेर समूहका कुनै पनि बालबालिका विद्यालय बाहिर नरहेको स्थानीय तहहरूले घोषणा गर्नुपर्ने र स्थानीय तहरूले शिक्षामा वार्षिक १५ प्रतिशत बजेट छुट्याउनुपर्ने लगायतका प्रतिबद्धता गरिएको छ । यस्तै शिक्षण क्रियाकलापलाई सूचना प्रविधिमा आधारित २१ औं शताब्दी अनुकूल सम्बन्धित पालिकाले बनाउने, संघीय सरकारको सहजीकरणमा विद्यार्थी संख्या र विषयगत आवश्यकताका आधारमा नक्सांकन गरी समायोजन र शिक्षक दरबन्दी स्थानीय तहले मिलान गर्ने, विद्यालयको परीक्षा प्रणालीमा क्रमशः सुधार गर्दै जाने, विद्यालयलाई शान्ति क्षेत्र घोषणा गर्दै शैक्षिक प्रणालीमा सुशासन र दिगोपना कायम गर्ने लगायतका प्रतिबद्धता समेत गरिएको छ । मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री महेश यादवले मधेश प्रदेशको शैक्षिक अवस्था निकै कमजोर कर्णाली प्रदेशको हाराहारीमा रहेकाले साक्षर प्रदेश बनाउन संघ, प्रदेश र स्थानीय तह तीनवटै निकाय गम्भीर हुन जरुरी रहेको कुरामा जोड दिए । मन्त्री यादवले प्रदेशलाई साक्षर प्रदेश बनाउन प्रदेश सरकारले नीति तथा कार्यक्रममा समेत समेटेको र मन्त्रालयले बजेट समेत छुट्याएको जानकारी दिँदै प्रादेशिक शिक्षा नीति तथा नियमावली प्रदेश सरकारले चाँडै नै बनाउने प्रतिबद्धता जनाए । सो कार्यक्रममा शिक्षा विकास निर्देशनालयका चूडामणि फुयाँलले संघपछि शिक्षाको सम्पूर्ण अधिकार स्थानीय तहलाई दिएकाले प्रदेशलाई साक्षर बनाउन सबैभन्दा महत्वपूर्ण भूमिका स्थानीय तहको नै रहेको बताए । यस्तै नगर पालिका महासंघ मधेश प्रदेशका अध्यक्ष प्रदीप यादवले प्रदेशलाई साक्षर बनाउन स्थानीय तहको महत्वपूर्ण भूमिका रहे पनि कानुन अभावले केही गर्न नसकिएको उल्लेख गरे । उक्त कार्यक्रममा प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधिहरू, कर्मचारीसहित शैक्षिक निकायबाट आबद्ध संघ संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

# प्रदेश सरकार र महानगरबीच गौतमबुद्ध क्रिकेट रंगशालाको काम अघि बढाउने सहमति

टक नेपाल



चितवन । गौतमबृद्ध अन्तर ाष्ट्रिय क्रिकेट रङ्गशाला निर्माण अघि बढ्ने भएको छ । भरतपुर महानगरपालिका र बागमती प्रदेश सरकारबीच यससम्बन्धी सहमति भएको हो। अलपत्र अवस्थामा रहेको रङ्गशालाको काम लागत साझेदारीमा गर्ने विषयमा मंगलबार बागमती प्रदेशको मुख्यमन्त्री कार्यालयमा सहमति भएको हो । बागमती प्रदेशका मुख्यमन्त्री शालिग्राम जमकट्टेलको संयोजकत्वमा बसेको बैठकले प्रदेश सरकारले ७० प्रतिशत र भरतपुर महानगरपालिकाले ३० प्रतिशत लागत साझेदारीमा रङ्गशालाको काम अघि बढाउने निर्णय गरेको छ। बैठकले भरतपुर महानगरपालिकाले पहिलो चरणमा गर्नुपर्ने कामका लागि तयार गरेको लागत अनुमान रु ७५ करोड बराबरको काम लागत साझेदारीमा महानगर पालिकाले अघि बढाउने गरी निर्णय गरिएको हो । बैठकमा प्रदेश सरकारका अर्थमन्त्री बहादुरसिंह लामा, सामाजिक विकासमन्त्री कुमारी मोक्तान, भरतपुर महानगर पालिकाका प्रमुख रेनु दाहाल, उपप्रमुख चित्रसेन अधिकारी, प्रमुख सचिव घनश्याम उपाध्याय महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नरेन्द्रकुमार रानालगायतको उपस्थिति थियो । भरतपुर महानगरपालिकाका इञ्जिनियर सन्तोष आचार्यका अनुसार अहिले भइरहेको तल्लो तहको प्याराफिटको एक तहमाथि प्याराफिट निर्माण गरिने छ। मैदानको आकार मात्रै बनेको भन्दै उनले दुबो लगाउने र पिचको काम गरिने जानकारी दिए। खेलाडी बस्ने ठाउँ, पार्किङ व्यवस्थापन, भित्री सडकको व्यवस्थापनलगायतका काम यसै चरणमा हुने उनले बताए । यसअघि बनेका संरचनालाई संरक्षण गर्दै खेल खेल्न मिल्ने गरी काम अघि बढाउन लागिएको उनले जानकारी दिए। आचार्यले दुई वर्षभित्रमा काम सम्पन्न हुने गरी ठेक्का सम्झौतामार्फत् काम अघि बढाइने बताए । भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहालले प्रदेश सरकारसँग सहमतिसँगै काम अघि बढ्ने बताइन्। यसअघि धुर्मुस-सुन्तली फाउण्डेशनले काम गर्दाको बाँकी भुक्तानीलगायतका विषयमा सङ्घीय सरकारले निर्णय गर्ने उनले बताइन् । उपप्रमुख चित्रसेन अधिकारीले भरतपुर महानगरपालिकाभित्र रहेको महत्वपूर्ण आयोजना भएकाले यसलाई सहजरुपमा सम्पन्न गर्न रोकिएको काम अघि बढाउने गरी प्रदेश सरकारसँग सहमति गरिएको बताए । तत्काल बोलपत्र आह्वान गरी काम अघि बढ्ने उनको भनाइ छ । भरतपुर महानगरपालिका-१५ मा गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालाको काम रोकिएको दुई वर्षभन्दा बढी भएको छ । धर्मुस (सीताराम कट्टेल) सुन्तली (कुञ्जना घिमिरे) फाउण्डेसनले २० बिघा ६ कठ्ठा जग्गामा निर्माण थालेको क्रिकेट रङ्गशालाको काम रकम अभावमा २०७८ साउन २० गते रोकिएको थियो। फाउण्डेसनले रङ्गशालाको स्वामित्व लिइदिन अनुरोध गर्दै भरतपुर महानगर लाई पत्र पठाए पनि हालसम्म निर्माणमा लागेको रु १८ करोड ४३ लाख ऋण कसले तिर्ने भन्ने टुङ्गो लाग्न सकेको छैन । रङ्गशाला निर्माणमा हालसम्म फाउण्डेशनले रु ५७ करोड ९२ लाख ८५ हजार सात सय ३८ खर्च भएको जनाएको छ । त्यसमध्ये रु १८ करोड ४३ लाख ऋण छ। फाउण्डेशनले वक्यौता तिर्न बाँकी राखेर काम छाडेकाले यसलाई अघि बढाउन अप्ठ्यारो परेको थियो ।

प्रो. सुरेश चौधरी
मो. ९८५११०६९१९, ९८०६८००९१९
श्री गणेश ईन्जिनियरिङ्ग मर्मत केन्द्र
बर्दिबास-१ (बर्दिबास ट्राफिक कार्यालयको अगाडी)



यहाँ लेथ सम्बन्धी सानो, ठुला गाडी, ट्रेक्टरको टेलर, व्यालडिङ्गर क्रसरको सम्पूर्ण मर्मत काम गरिनुका साथै ट्रस, ग्रिल कम्पाउन्ड, स्टिल रलिङ, गार्डेन पिंग, बालमैत्री खेलौना, व्याम समाग्री, विद्यालयका लागि आवश्यक खेलौना सम्बन्धि सम्पुर्ण काम सुपथ मुल्यमा गरिन्छ ।

## मोटरसाईकल हराएको सूचना

मिति २०८० कार्तीक ०४ गते साँझ करिब १९:३० बजे महोत्तरीको बर्दिबास नगरपालिका १४ स्थित शिव मन्दिरको पान पसल अगाडीबाट पाकिङ्ग गरि राखेको मोटरसाईकल हराएको हुँदा भेटाउने हुने महानुभावले तपसील बमोजिमका ठेगाना वा नजिकको प्रहरी चौकीमा खबर गरिदिन हुन अनुरोध छ।

**सवारीधनीको नाम** : देव कुमार महतो
**ठेगाना** : बर्दिबास ५, महोत्तरी
**सवारी नं.** : प्रदेश २-०२ ००१ प ८५४८
**इन्जिन नं.** : DKYCKB52967
**चेचिस नं.** : MD2A13EYOKCB3187
**मो.नं.** : 9814800614

अब बर्दिबसमै खुल्यो सुविधा सम्पन्न अस्पताल
साई मल्टिस्पेसियालिटी हस्पिटल एण्ड ट्रमा सेन्टर
बर्दिबास न.पा.-१, महोत्तरी (यातायात कार्यालयको सामुने)
हाम्रो सेवाहरु



२४ सै घण्टा इमरजेन्सी सेवा
२४ सै घण्टा भिडियो एक्स-रे सेवा
२४ सै घण्टा ट्रमा (हाड जोर्नी तथा नसा रोग)
२४ सै घण्टा बाल रोग विशेषज्ञ सेवा
इण्डोस्कोपी कोलोनोस्कोपी सेवा
हाड जोनी तथा नशा रोग सेवा
कान, नाक, घाँटी, आँखा, मुख तथा दाँत रोग सेवा
HDU, ICU, NICU सेवा
२४ सै घण्टा डिलेभरी सेवा
२४ सै घण्टा अपरेशन सेवा
२४ सै घण्टा ल्याब, प्याथोलोजी सेवा
छाती, मुटु तथा पेट रोग विशेषज्ञ
पेट, आन्द्रा, लिभर एवं छाती रोग विशेषज्ञ
विशेषज्ञ डाक्टरद्वारा दैनिक OPD सेवा
9801673409, 9801673410, 9801673411, 9801673412, 9801673415

खुशीको खबर सिन्धुली जिल्लामा पहिलो पटक प्याराग्लाइडिङ उडान संचालमा आएको छ । प्याराग्लाइडिङ गर्न चाहने व्यक्तीलहरुले आफ्नो नाम बुकिङ्ग गराउन चाहेमा हामिलाई सम्फनुहोस् ।



सम्पर्कको लागि
सुशिल ढकाल
०४४-५५०६७०, ९८४९७३२९९७
श्री कुसुम कृषि सहकारी संस्था
बर्दिबास, महोत्तरी

## आरती साह हत्या प्रकरण

# धनुषाका एसपी विश्वराज खड्का हेडक्वाटर तानिए

**टक नेपाल**



काठमाडौं । आरती साह हत्या प्रकरणमा जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख एसपी विश्वराज खड्का डेडक्वाटर तानिएका छन्। आरती साह हत्या प्रकरणको अनुसन्धान गर्न गठित समितिले एसपी खड्कालाई हेडक्वाटर तान्न सुझाएको थियो । खड्कालाई आवश्यकता अनुसार हेडक्वाटर तानिएको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायक महानिरीक्षक कुवेर कडायतले बताए । उनी त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय काठमाडौंबाट धनुषा सरुवा भई गएका थिए । आरती साहको हत्यापछि प्रहरीले सुरुमा जाहेरी दिन मानेको थिएन । पीडित परिवारमाथि नै प्रहरीको कुटपिट र मोबाइल जफत गरेको थियो । आरतीको घाँटीमा आत्महत्या गर्दा हुनेजस्तै घाउ थियो भने गाला र शरीरका अन्य भागमा पनि विभिन्न घाउ थिए ।

बाँकी पृष्ठ २ मा

# महोत्तरीमा एनएमबी बैंक लुट्ने एक जना पुर्पक्षका लागि जेल चलान

**टक नेपाल**




महोत्तरी । महोत्तरी जिल्लाको महोत्तरी गाउँपालिकास्थित एनएमबी बैंक लुटपाटमा संलग्न रहेको आरोपमा एक जनालाई पुर्पक्षका लागि जेल चलान गरिएको छ । गत जेठ १६ गते महोत्तरी गाउँपालिका-२ महोत्तरी बजारमा रहेको एनएमबी बैंकमा संगठित अपराध, डाँका तथा लुटपाट गर्ने घटनामा संलग्न मध्येका धनुषा जिल्लाका मुखियापट्टि मुसहर्निया गाउँपालिका-२ बस्ने मुखियापट्टि टोलका रामवरण रामको छोरा २२ वर्षीय अनरजित रामलाई सोमबार जिल्ला अदालत महोत्तरीले पुर्पक्षका लागि जलेश्वर कारागार पठाइएको महोत्तरीका प्रहरी नायव उपरीक्षक दिलीपकुमार गिरीले जानकारी दिए ।

# १८ वर्षीकी नगरप्रमुख प्रतिभा

**टक नेपाल**




जनकपुरधाम । कक्षा १२ मा अध्ययनरत १८ वर्षीया प्रतिभाकुमारी सहनी विदेह नगरपालिकाको नगरप्रमुख बन्नुभएको छ। बालिकाहरूलाई सशक्तीकरण गर्ने उद्देश्यले प्लान इन्टरनेशनल नेपालको 'गर्ल्स टेक ओभर' अर्थात् 'बालिका तथा किशोरीलाई पद हस्तान्तरण' कार्यक्रम अन्तर्गत सोमबार प्रतीकात्मक रूपमा उहाँलाई विदेह नगरपालिकाको नगर प्रमुख बनाइएको हो । धनुषाको विदेह नगरपालिकाका नगर प्रमुख बेचन दासले आफू बसेको कुर्सी खाली गरेर प्रतिभालाई नगर प्रमुख पदको जिम्मेवारी हस्तान्तरण गर्नुभएको थियो । नगर प्रमुखको पदभार ग्रहण गरेपछि सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै प्रतिभाले जीवनमा नगरप्रमुख बन्छु भन्ने कुरा कहिले पनि आफूले नसोचेको र आज आफू नगर प्रमुखको कुर्सीमा बिरजमान भएपछि आफूलाई भाग्यमानी ठानेको बताउनु भयो। उहाँले आफू सुरुदेखि नै शिक्षक बन्न रुचाएको बताउनुभएको थियो । केही बेरका नाटकीय अभ्यास गरी नगर प्रमुख बन्नुभएकी प्रतिभाले नगर पालिका कार्यालयमा उपस्थित कर्मचारीहरूसँग नगरपालिकाले गर्ने कामकाज, हालसम्म नगरमा भएका कामकाज र आम नागरिकको समस्याका बारेमा जानकारी लिनुभएको थियो । उहाँलाई विदेह नगरपालिकाका कार्यकारी अधिकृत सञ्जीव साहले नगरप्रमुखको काम कर्तव्य र हालसम्म नगरपालिकामा भएका विकास निमार्णको कामका बारेमा जानकारी गराउनुभएको थियो। केही बेरका लागि नगर प्रमुख भएकी प्रतिभालाई विदेह नगरपालिकाका किशोरीहरूले शिक्षा र स्वास्थ्यको क्षेत्रमा नगरपालिकाका किशोरीहरूले भोग्दै आएको समस्याको बारेमा जानकारी गराउनुभएको थियो। कार्यक्रममा उठेका विषय वस्तुहरूको जवाफ दिँदै विदेह नगरपालिकाका नगर प्रमुख बेचन दासले नगरको स्वरूप फेरिने किसिमले कामकाज अगाडी बढाइएको बताउनुभयो। उहाँले प्राप्त १० करोड ७१ लाख रकम बजेटमध्ये चार करोड २० लाख बजेट शिक्षाक्षेत्रको लागि मात्रै छुट्ट्याएको बताउनुभयो । उहाँले यस आर्थिक वर्षमा कृषि विद्युतीकरणमा २ करोड रकम छुट्ट्याएको र अगामी दिनमा किसानलाई सिँचाइको समस्या समाधान हुने बताउनुभयो । उहाँले शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखेर कामकाज भइरहेको र नगरको ९ वटै वडामा स्वास्थ्य चौकी रहेको बताउनुभयो ।

# मधेश सरकारले भूकम्प पीडितलाई ६० लाखको राहत पठाउने

**टक नेपाल**




जनकपुरधाम । जााजरकोट र रुकम (पश्चिम)को भूकम्प प्रभावितलाई मधेश प्रदेश सरकारले ६० लाख मूल्य बराबरको राहत पठाउने तयारी गरेको छ। सोमबार बसेको मधेश सरकारको विपद् व्यवस्थापन समितिको बैठकले ६० लाख बराबरको खाद्यान्न सामग्री पठाउने निर्णय गरेको हो । गृह, संचार तथा कानून मन्त्री मोहम्मद समिमका अनुसार चामल, दाल, नुन लगायतका खाद्यान्न सामाग्री राहत स्वरुप पठाइने छ । 'विनाकारी भूकम्पमा भएको धनजनको क्षतिप्रति दुःख व्यक्त गर्दै दिवंगत आत्माप्रति श्रद्धाञ्जलीसहित चिरशान्तिको कामना र घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामाना बैठकमा गरिएको छ । जाजर कोट र रुकुमको संकटकमा सहयोग स्वरुप राहत पठाउने निर्णय भयो' उनले भने । सो सामग्री खरिद गर्न अर्थ मन्त्रालयबाट रकम माग गर्ने र यसविषयमा मन्त्रीपरिषद् बैठकबाट समेत निर्णय हुने मन्त्री समिमले बताए । नेपाल सरकारको गृह मन्त्रालय मार्फत खाद्यान्न सामाग्री भूकम्प प्रभावित क्षेत्रमा पठाउन लागेको उनको भनाइ छ ।

# सशस्त्र प्रहरी द्वारा चामलमा रोक, उपभोक्ता मारमा

**नरेन्द्र महतो**

गौशाला । सिमा सुरक्षा वलले मंगलबार देखि चामल ल्याउनमा रोक लगाएको छ । महोत्तरीको नेपल-भारत सम्सी नाकाबाट चामल, आलु, प्याज, खाने तेल ल्याउनमा रोक लगाईएको छ । सम्सीको मुख्य नाका मानिने शंकर चौकमा विहानै देखि नेपाली उपभोक्ताहरुलाई भारतीय बजार बाट समान ल्याउनमा पुर्ण रुपमा रोक लगाईएको प्रति सेवाग्राहिहरु द्वारा आपत्ति प्रकट गरेका छन् । नेपालमा चामलको मुल्य महँगो भएको कारण भारतीय बजार जानू पर्छ तर मंगलबार प्रहरीले रोक लगाए पछि सितै हाथ फर्कनु परेकोमा उनिहरु दुःख पोखे । पहिले उपभोक्ताको लागि कुनै किसिमको रोक नरहेको तर हिजो देखि रोक लगाएको कारण उपभोग्य समान ल्याउन नसकेको उपभोक्ताहरुले बताए । बर्दिवास र काठमाडौंको टोली आएर नै काडा निर्देषण दिएको कारण रोक लगाउनु परेको डिउटीमा रहेको प्रहरीहरुले बताएका छन् । दुई चार किलोमा कुनै रोक नलगाएको उहाँको भनाई छ ।

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

बर्दिबास नगरपालिका-१४, औरही रोड (महोत्तरी)

सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४




बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com